# मोदी गाउँपालिकाको गाउँसभामा २०७७ असार १० गते

## उपाध्यक्ष श्री सेती महतले
## प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७७/०७८ को
# बजेट वक्तव्य

मोदी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पातिचौर, पर्वत

**आर्थिक वर्ष ७७/७८ को बजेट वक्तव्य**

श्रद्धेय यस गरिमामय सभाका अध्यक्ष ज्यू,
गाउँ सभाका सम्पूर्ण सदस्य ज्यूहरु,
सभाका सचिव ज्यू,
विषयगत शाखाका प्रमुख ज्यूहरु
सम्पुर्ण राष्ट्रसेवक कर्मचारी साथीहरु र संचारकर्मी मित्रहरु,
लगायत उपस्थित सम्पूर्ण सहभागीहरुलाई गाउँसभामा आ.व.०७७।७८ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक तथा उपाध्यक्षको तर्फबाट हार्दिक स्वागत गर्दै यो ऐतिहासिक अवसर मलाई प्राप्त भएकोमा म आफुलाई गौरवान्वित ठानेकी छु ।

## सभाका अध्यक्षज्यू

१. राष्ट्रलाई निरङ्कुश सामान्ती शासनप्रणलीको अँध्यारो युगबाट जनताका प्रतिनिधिमार्फत राज्य संचालन गर्ने सङ्घीय लोकतान्त्रिक गणतन्त्रको उज्यालो युगमा पुर्‍याउने क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति श्रद्धाञ्जली ब्यक्त गर्दछु । राष्ट्रियता, राष्ट्रिय हित एवं स्वाभिमान, लोकतन्त्र र जनजीविकाको आन्दोलनको नेतृत्व गर्नुहुने अग्रजहरु प्रति उच्च सम्मान ब्यक्त गर्दछु, नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पुऱ्याउनुभएको योगदानको स्मरण गर्न चाहन्छु ।

२. विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसबाट स्वदेश तथा विदेशमा आफ्नो अमुल्य जीवन गमाउनुभएका सम्पूर्ण दाजुभाई तथा दीदिबहिनीहरुमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछु । साथै कोरोना भाइरसबाट संक्रमितको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

३. कोरोना भाइरसको रोकथाम नियन्त्रणमा हालसम्म सहयोग गर्ने सम्पूर्ण सरकारी गैरसरकारी संघसंस्था, व्याक्ति तथा आम जनसमुदायप्रित हार्दिक आभार व्यक्त गर्दछु । साथै सक्रमणको कुनै प्रवाह नगरी नागरिकको जीवन रक्षा र सेवा प्रवाहमा खट्नुहुने स्वाथ्यकर्मी, कर्मचारी, सुरक्षाकर्मी तथा जनप्रतिनिधिहरुको कामको उच्च मुल्यांकन गर्दै आगामी दिनमा समेत यस्तै प्रकारको सहयोगको अपेक्षा गर्दछु ।

## सभाका अध्यक्षज्यू

४. अब म आगामी आर्थिक वर्षको बजेटको सोच तथा लक्ष्य प्रस्तुत गर्न चाहन्छु ।

क. दीगो, समन्यायिक, समावेशी विकास मार्फत सुसंस्कृत र समृद्ध मोदी निर्माण बजेटको सोच रहेको छ ।

ख.कोरोना भाइरस (कोभिड १९) को महामारीलाई रोकथाम , नियन्त्रण तथा आर्त्मनिर्भरताको माध्यमबाट मोदीबासीको जीवनस्तर सुधार गरी सुखी र खुशी नागरिक बनाउनु बजेटको लक्ष्य रहेको छ ।

**ग.** कोरोना भाइरसको रोकथाम, नियन्त्रण तथा विपद व्यवस्थापन ,पुर्वाधारको विकास, सर्वसुलभ आधारभुत स्वास्थ्य सेवा, स्वच्छ खानेपानी, खाद्य सुरक्षा, प्राविधिक र व्यवसायिक शिक्षा, रोजगारीको सिर्जना , समावेशी र सामाजिक न्यायमा आधारित समाज, मानवअधिकार, सन्तुलित विकास र उपलब्ध स्रोत साधनको न्यायोचित वितरण वजेटको उद्देश्य रहेको छ ।

५. आगामी आ.व.को बजेट तर्जुमामा मैले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तआयोग ऐन २०७४, अन्तर सरकारी वित्तव्यवस्थापन ऐन २०७४, संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानुन तथा मापदण्ड, संघीय सरकारको पन्ध्रौ आवधिक योजना, गण्डकी प्रदेश सरकारको पहिलो पञ्चवर्षिय योजना, स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन, संघ तथा प्रदेशको नीति बजेट तथाकार्यक्रम, स्थानीय स्रोतसाधन, स्थानीय आवश्यकता र स्थानीय विभिन्न पक्षहरुको सल्लाह सुझावलाई आधार बनाएकी छु ।

६. मोदीगाउँपालिकाको बजेट तर्जुमा गर्दा निम्न विषयलाइ प्राथमिकतामा राखेकी छु ।

१. कोरोना भाइरसको रोकथाम, नियन्त्रण तथा मानवजातिको जीवन रक्षा

२. आर्थिक विकास, गरिवी निवारण र रोजगारीको सिर्जना,

३. आधारभुत स्वास्थ्य सेवा तथा शिक्षा

४. पुर्वाधार विकास

५. उत्पादनमुलकतथा छिटो प्रतिफलदिने विषयहरु

६. जनताको जीवस्तर उकास्ने कार्यक्रम

७. स्थानीय स्रोत सीप र साधनको प्रयोग एवं स्थानीय सहभागिता

८. लैङिगक समानता, सामाजिक समावेशीकरण र सामाजिकन्याय

९. दिगो विकास,वातावरणीय संरक्षण तथा संम्वर्द्धन

१०. स्थानीय माग र आवश्यकता

११. पारदर्शिता, उत्तरदायित्व, सुचनाको हकमार्फत सुशासनको अभिवृद्धि

**सभाका अध्यक्षज्यू**

७. अब म चालु आर्थिक वर्षको संसोधित अनुमान पेश गर्ने अनुमति चाहन्छु । चालु आर्थिक वर्षमा सोझै अख्तियारी द्धारा प्राप्त भएका र ससर्त तर्फ केही थप कार्यक्रम तथा रकम र आन्तरिक आय तथा राजश्व बाँडफाँडमा प्राप्त हुन नसक्दा कुल संसोधित आय रु ५५ करोड ५१ लाख हुनेछ । त्यस्तै चालु आर्थिक वर्षको कुल आयमध्ये चालुतर्फ ८५ प्रतिशत र पूजीगत तर्फ प्राप्त रकमको ६१.२५ प्रतिशत बजेट खर्च हुने संसोधित अनुमान रहेको छ ।

८. आगामी आर्थिक वर्षको लागी निम्नलिखित विषयगत क्षेत्रमा निम्नलिखित मुख्यमुख्य कार्यक्रमहरु समावेश गरेकी छु ।

**कोभिड १९ रोकथाम र नियन्त्रण तथा कोष रकम**

९. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को रोकथाम नियन्त्रणको लागी स्वास्थ क्षेत्रको सुदृढिकरण, स्वास्थ्यकर्मीको मनोबल उच्च बनाउन, आवश्यक स्वास्थ्य र सुरक्षाका सामाग्रीको प्रर्याप्त व्यवस्था, आवश्यक क्वारेन्टाइन र आईसोलेसन निर्माण , परीक्षण , स्वदेश तथा विदेशमा अलपत्र परेका मोदीबासीको उद्धार तथा कोरोना भाइरसबाट प्रवाहित अति विपन्न परिवारलाई राहत उपलब्ध गराउन रु १ करोड ५० लाख बजेट विनियोजन गरेकी छु ।

१०. स्वदेश तथा विदेशमा रोजगारी गुमेकाहरुको लागी कोभिड विशेष यूवा लक्षित कार्यक्रम मार्फत रोजगारी सिर्जना तथा स्वरोजगार बनाई आत्मनिर्भर बनाउन रु ५० लाख विनियोजन गरेकी छु ।

११. मोदी गाउँपालिकाका विभिन्न आयोजनामा संघीय तथा प्रदेश सरकारसँग साझेदारीको लागि समपुरक कोषमा रु १ करोड विनियोजन गरेकी छु ।

१२. मोदी गाउँपालिकाको विपद व्यवस्थापन कोष तथा आकस्मिक मर्मत सम्भार कोषमा रकम विनियोजन गरेकी छु ।

**आर्थिक विकास**

१३. मोदी गाउँपालिकाका विभिन्न स्थानलाई उत्पादनमुलक नमुना कृषि प्राङगरिक गाउँको रुपमा विकासको लागि रु २४ लाख विनियोजन गरेकी छु ।

१४. मोदी गाउँपालिकामा बाँझो जग्गाको तथ्याङ्क संकलन तथा एकीकृत गरी उत्पादनको लागि कृषकलाई सहज रुपमा उपलब्ध गराउने उदेश्यले भुमी बैंकको स्थापना तथा बाझो जग्गाको उपयोग गर्ने कृषकलाई निश्चित मापदण्डको आधरमा नगद अनुदानको लागि रु १२ लाख विनियोजन गरेकी छु ।

१५. मोदी गाउँपालिका स्तरीय कृषिउपज संकलन केन्द्र निर्माणको लागी रु १२ लाख विनियोजन गरेकी छु ।

१६. मोदी गाउँपालिकालाई तरकारी, मासु, दुध, अण्डा आदीमा आत्मनिर्भर बनाउने छ। जसको लागी उत्पादन तथा ढुवानीमा अनुदानको लागि रकम विनियोजन गरेकी छु।

१७. कृषकहरुको जोखिम न्यूनिकरणको लागी कृषि तथा पशु विमा कार्यक्रम सञ्चालन तथा कृषक राहत कार्यक्रम सञ्चालनको लागि रकम विनियोजन गरेकी छु।

१८. कृषि बजारमा रहेका बिचौलिया प्रवृत्तिको अन्त्य गरी कृषि उत्पादनमा कृषक र उपभोक्ताको सीधा सम्पर्कको लागि कृषि सहकारीलाई सबलीकरण गरी सुपथ पसलहरु सञ्चालन गर्न रकम विनियोजन गरेकी छु।

१९. कृषि उत्पादनमा बृद्धि गर्न परियोजनाका आधारमा साना र नयाँ प्रविधिमा आधारित सिंचाईमा पूँजीगत अनुदान उपलब्ध गराउन १२ लाख रकम विनियोजन गरेकी छु।

२०. पर्यटन व्यवसायको बजारिकरण गर्न आधुनिक सूचना प्रविधिको उपयोग गरिनेछ। पर्यटक आकर्षणका लागि प्रचार प्रसार तथा सूचनाको प्रवाह गर्न पर्यटन सेवा सूचना केन्द्रको स्थापना र पर्यटकीय स्थानमा विस्तृत एतिहासिक विवरण सहितको होर्डिङ बोर्ड र पर्यटकीय स्थानहरुको सम्पूर्ण विवरण सहितको बुकलेट तयार गर्न बजेट विनियोजन गरेकी छु।

२१. उत्पादन बृद्धि, रोजगारी सृजना र गरीवी न्यूनीकरणमा टेवा पु�याउने साना तथा मझौला उद्योगमा विशेष जोड दिन तथा परम्परागत ज्ञान, स्थानीय सीप, प्रविधि र कच्चा पदार्थमा आधारित घरेलु साना तथा लघु उद्योगलाई प्रवर्द्धन गर्ने उद्यम विकासको क्षेत्रमा रु ४० लाख विनियोजन गरेकी छु।

२२. गाउँपालिकामा रहेका खानी तथा खनिज पदार्थको अन्वेषण, उत्खनन, प्रशोधन र प्रयोगमा जोड दिन बजेट व्यवस्था गरेकी छु ।

२३. मोदी गाउँपालिकाका विभिन्न स्थानको डिपिआर गर्न रु २० लाख विनियोजन गरेकी छु।

२४. मोदी गाउँपालिकाको कृषि, पशुसेवा, पर्यटन,सहकारी, उद्यम विकास लगायतका आर्थिक विकासको समग्र क्षेत्रमा गरि रु ३ करोड ९ लाख ८ हजार ८ सय ७१ विनियोजन गरेकी छु।

**सामाजिक विकास**

२५. दलित समुदायको सशत्तिकरणको लागि केन्द्र सरकारको सहयोगमा रु ५० लाख विनियोजन गरेकी छु।

२६. प्रदेश सरकारको विषेश अनुदान सहयोगमा देउपुर स्वास्थ्य चौकी भवन निर्माणको लागि रकम विनियोजन गरेकी छु।

२७. शिक्षा क्षेत्रमा आमुल परिवर्तन गर्नको लागी शैक्षिक गुणस्तर सुधारमा यथेष्ट लगानी गर्ने नीति लिइने छ। शिक्षक दरबन्दी नभई पठनपाठनमा असहज भएका विद्यालयहरुलाई अनुदान स्वरुप रकम उपलब्ध गराउन रकम विनियोजन गरेकी छु।

२८. केन्द्र सरकार सँगको सहलगानीमा मोदी ५ मा अवस्थित महेन्द्र शिखरी माविको भौतिक पुर्वाधार निर्माणको लागि रकम विनियोजन गरेकी छु ।

२९. विगत देखी सम्बोधन हुन नसकेको शिक्षाको आधार कक्षाको रुपमा रहेको बाल कक्षा सहजकर्ताको पारिश्रमिक अत्यन्तै न्यून रहेकोले उनीहरुलाई प्रोत्साहन उपलब्ध गराउन रु १४ लाख विनियोजन गरेकी छु ।

३०. प्रावि तहमा अङ्ग्रेजी माध्यममा अध्ययन अध्यापन गराउने विद्यालयलाई अङ्गेजी पाठ्यपुस्तक खरिदमा अनुदान उपलब्ध गराउन रु १३ लाख विनियोजन गरेकी छु ।

३१. सिकिस्त घाइते तथा आकष्मिक अवस्थाका बिरामिहरुलाई समयमै उच्च तहका अस्पतालहरुमा प्रेषण गर्ने कार्यमा सहयोग पुराउन चालु वर्षकै बाँकी रकमबाट एम्बुलेन्स खरिदको लागि रकम विनियोजन गरेकी छु ।

३२. पालिकाका बिभिन्न ४ स्थानमा गुणस्तरीय स्वास्थ्य प्रयोगशालाको स्थापना तथा संचालन गरि स्थानिय स्वस्थ्य संस्थाबाटनै प्रयोगशालाबाट उपलब्ध न्युनतम सेवा प्रदान गर्न रु ७ लाख ५० हजार विनियोजन गरेकी छु ।

३३. गाउँपालिकाका ३ नया स्थानहरुमा सामुदायिक स्वास्थ्य इकाई स्थापना गरी आधारभुत स्वस्थ्य सेवा सबै जनाको पँहुचको लागि रु ७ लाख ५० हजार विनियोजन गरेकी छु ।

३४. गाउँपालिकाका सबै नागरिकलाई स्वस्थ्य बिमामा आवद्द गराइनेछ भने मापदण्डका आधारमा बिपन्न नागरिकहरुको चरणबद्द रुपमा निशुल्क स्वस्थ्य बिमाको लागि रकम विनयोजन गरेकी छु।

३५. चालु आव देखी सञ्चालन भएको सुत्केरीसँग उपाध्यक्ष कार्यक्रमलाई निरन्तरताको लागि रकम विनियोजन गरेकी छु ।

३६. गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी ढङ्गले सञ्चालन गरिने छ । गाउँपालिका आफैले गाउँपालिका स्तरीय श्रम बैंकको स्थापना गर्नेछ जसमा विभिन्न सीपयूक्त जनशक्तिको बर्गीकरण गरी सुचिकृत गरी काममा लगाउन बजेट विनियोजन गरेकी छु ।

३७. गाउँपालिकाका वडाहरुलाई क्रमश बालमैत्री वडा निर्माण गर्दै गाउँपालिकानै बालमैत्री स्थानीय तह निर्माणको लागि बजेट विनियोजन गरेकी छु ।

३८. मोदी गाउँपालिकाको शिक्षा, स्वास्थ्य, यूवा महिला तथा बालबालिका सहित सामाजिक विकासको क्षेत्रमा रु ३ करोड ७ लाख ७१ हजार विनियोजन गरेकी छु ।

## पूर्वाधार विकास

३९. प्रदेश सरकारसँगको सहलगानीमा गाउँपालिकाको सुविधासम्पन्न भवन निर्माण गर्न गाउँपालिकातर्फबाट रु १ करोड ५० लाख विनियोजन गरेकी छु। त्यस्तै चालु आर्थिक वर्षमा विनियोजन भएका २ वटा वडा कार्यालय समेत आगामी आर्थिक वर्षमा निरन्तरता दिएकी छु।

४०. चालु आर्थिक वर्षमा सुरु भएका बहुउदेश्यीय सभाहल तथा खेलग्रामहरुको लागि समपुरक कोषमार्फत रकम विनियोजनको व्यवस्था गरेकी छु।

४१. गाउँपालिका स्तरीय सडकमा वर्षै भरी यातायात संचालन गर्न सडकको नियमित मर्मत सम्भार स्तरोन्नतीको लागि यथेष्ट रकम विनियोजन गरेकी छु । दुर्गम गाउँ बस्तीमा पहुँच पुर्याउन झोलुङ्गे पुल निर्माणको लागि बजेट व्यवस्था गरेकी छु।

४२. पूर्वाधार विकासको समग्र क्षेत्रमा रु ४ करोड ४४ लाख २० हजार विनियोजन गरेकी छु।

## वन तथा वातावरण तथा विपद व्यवस्थापन

४३. पातिखोला रतिखोला मोदीखोला भुरुङदी खोला लगायतका नदीजन्य कटान नियन्त्रण बाँध निर्माण साम्भाव्यता अध्ययनको लागि रु १८ लाख विनियोजन गरेकी छु।

४४. मोदी गाउँपालिकाको सरसफाई तथा फोहोर व्यवस्थापनको लागि रु १० लाख विनियोजन गरेकी छु।

४५. मोदी गाउँपालिकाको समग्र विपद व्यवस्थापनको क्षेत्रमा रु ७७ लाख ५६ हजार विनियोजन गरेकी छु।

## संस्थागत विकास , सेवा प्रवाह तथा सूशासन

४६. मोदी गाउँपालिकाको न्यायिक समति व्यवस्थापन, नगर प्रहरी व्यवस्थापन , कार्यालय व्यवस्थापन, सूचना प्रविधि लगायत संस्थागत विकास सेवा प्रवाह तथा सूशासनको लागि रु ६६ लाख ५६ हजार विनियोजन गरेकी छु।

४७. कोरोना भाईरसको कारण चालु आर्थिक वर्षका केही योजना तथा कार्यक्रमहरु सम्पन हुन नसकेकोले त्यस्ता सम्पन्न हुन नसकेका योजनाहरु मध्ये केही महत्वपुर्ण योजना तथा कार्यक्रमहरुलाई सोही शिर्षकहरुमा सोहीबमोजिमको रकम विनियोजन गरी आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिने गरि व्यवस्था मिलाएकी छु। साथै ससर्त लगायत अन्य योजना तथा कार्यक्रमहरु अनुसूचीमा उल्लेख गरेकी छु।

**सभाका अध्यक्षज्यू**

४८. अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यन्वयनका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

४९. आगामी आर्थीक वर्षका नीति तथा कार्यक्रमहरु कार्यन्वयन गर्न रु ६२ करोड ५६ लाख ५९ हजार विनियोजन गरेकी छु । कुल विनियोजन मध्ये चालूखर्च तर्फ रु ४० करोड ३ लाख १४ हजार ७ सय ५० अर्थात ६३.९८ प्रतिशत र पुँजीगततर्फ रु २२ करोड ५३ लाख ४४ हजार २५० अर्थात ३६. ०२ प्रतिशत रहेको छ ।

५०. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजश्व १ करोड ७ लाख, विद्युत रोयल्टी १ करोड ३५ लाख, पर्वतारोहण रोयल्टी १५ हजार, राजश्व बाँडफाँड केन्द्र सरकारबाट ७ करोड १० लाख ८५ हजार, राजश्व बाँडफाँड प्रदेश सरकार ३९ लाख ८९ हजार, वित्तिय समानीकरण केन्द्र सरकार ९ करोड ३१ लाख, वित्तिय समानीकरण प्रदेश सरकार १ करोड २० लाख ७० हजार, ससर्त अनुदान केन्द्र सरकार २६ करोड ९२ लाख, ससर्त अनुदान प्रदेश सरकार ५० लाख, समपुरक अनुदान केन्द्र सरकार १ करोड २० लाख, विशेष अनुदान केन्द्र १ करोड, विशेष अनुदान प्रदेश ५० लाख, ससर्त अनुदान प्रदेश सरकार ५० लाख , सामाजिक सुरक्षामा प्राप्त ८ करोड व्यहोर्दा रु ३ करोड ५० लाख न्यून हुनेछ । सो न्यून पूर्ति गर्न चालु आर्थिक वर्षमा खर्च नभई रहने रु ३ करोड ५० लाखबाट व्यहोरीनेछ ।

५१. अन्त्यमा, यो बजेट निर्माण कार्यमा संलग्न रही सहयोग पुर्‍याउनु हुने सम्पूर्ण जन–प्रतिनीधिज्यूहरु, कर्मचारी मित्रहरु, नागरिक समाज, वौद्धिक वर्गका साथै समग्र मोदी गाउँवासीहरु प्रति हार्दिक आभार प्रकट गर्दै यो वजेटको सफल कार्यान्वयनमा सवै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेकी छु ।

**धन्यवाद ।**

**सेती महत**
**उपाध्यक्ष**